स्थानिय सरकार

# दुहवी नगरपालिका

**Duhabi Municipality**

## नगर कार्यपालिकाको कार्यालय

**Office of Municipal Executive**

दुहवी, सुनसरी

प.सं. ०८२/०८३

च.नं.

कोशी प्रदेश, नेपाल

**KOSHI PROVINCE, NEPAL**

दुहवी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेश दुहवी, सुनसरी स्था: २०७३

मितिः २०८२।१२।१२

### बर्ड फ्लु (एभियन इन्फ्लुएन्जा - H5N1) रोग नियन्त्रण तथा रोकथाम सम्बन्धी सूचना

सुनसरी जिल्लाका विभिन्न स्थानहरु लगाएत दुहवी नगरपालिका वडा नं. २ मा भएका केही फर्मका कुखुराहरुमा समेत प्रयोगशाला परीक्षणबाट मानिसमा समेत सर्न सक्ने बर्ड फ्लु (Avian Influenza - H5N1) रोग पुष्टि भएको हुँदा यस रोगको थप संक्रमण तथा फैलावट रोकथाम गर्न सतर्कता अपनाई देहाय बमोजिमका कार्यहरु गरिदिन हुन सम्बन्धित सरोकारवाला तथा आम नागरिकहरुलाई अनुरोध छ ।

१ अर्को सूचना नभएसम्मका लागि संक्रमित क्षेत्रबाट पक्षी, अण्डा, मासु, दाना र सुली ओसारपसार पूर्ण रुपमा बन्द गर्नका साथै अन्य क्षेत्रबाट उत्पादन/स्वास्थ्यको प्रमाणपत्र बिना अनधिकृत तवरबाट कुखुरा तथा अण्डा खरीद तथा पक्षी/पक्षिजन्य वस्तुहरु ओसारपसार नगर्ने नगराउने।

२ कुखुरा तथा अन्य घरपालुवा पक्षीलाई खुला छोड्ने कार्य तुरुन्त बन्द गर्नका साथै बाहिरी व्यक्ति, सवारी साधन तथा उपकरण फार्ममा प्रवेश निषेध गर्ने तथा फार्ममा नियमित रुपमा **डिसइन्फेक्सन कार्यका साथै जैविक सुरक्षा**का उपाय कडाईका साथ अपनाई फार्म तथा घरपालुवा कुखुराको व्यवस्थापन गर्ने गराउने।

३ कुखुरा अचानक बिरामी भई अण्डा उत्पादन घट्ने, झाडापखाला लाग्ने जस्ता लक्षण देखिएमा तुरुन्त पशु सेवा शाखा दुहवी/भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र इनरुवालाई जानकारी दिने र मृत कुखुरा खुला ठाउँमा नफाली सुरक्षित रुपमा गाड्ने/नष्ट गर्ने व्यवस्था गर्ने गराउने।

४ जनचेतना अभिवृद्धि तथा सूचना प्रवाहलाई प्रभावकारी बनाउन आवश्यक परेमा रोग पुष्टि भएको केन्द्र सहितको घोषणा गरिएको संक्रमित क्षेत्रका सम्पूर्ण घरपालुवा पक्षी अण्डा दाना तथा अन्य पक्षिजन्य पदार्थ नष्ट (Culling) गर्ने कार्यमा स्थानीय तह, प्रहरी प्रशासन, पशु सेवा शाखा तथा सम्बन्धित निकायहरु संग समन्वय गरी नियन्त्रण कार्यमा पूर्ण सहयोग गर्ने गराउने।

५ संक्रमित क्षेत्रमा व्यक्तिहरुले कुखुरा सम्हाल्दा मास्क, पन्जा, बुट अनिवार्य प्रयोग गर्ने गराउने र साबुन पानीले हात धुने तथा व्यक्तिगत सरसफाइमा विशेष ध्यान दिने गर्नु हुन अनुरोध छ ।

सम्पर्कः भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र इनरुवा ९८५२०५५६२५ / पशु सेवा शाखा दुहवी ९८५२०६३९३३/९८४२७७६२६६/९८०४७३३२२४

.........१.१२.१२

सुवर्ण घिमिरे

प्रमुख प्रशासकिय अधिकृत

सुवर्ण घिमिरे

प्रमुख प्रशासकीय अधिकृत